नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त

# सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
# CDS and Clearing Limited

पत्र संख्या : २०७६/७७ – ९१
चलानी नं. : १०८

CDS and Clearing Ltd.

यस लि. ले धितोपत्रको केन्द्रिकृत निक्षेप सम्वन्धी सेवा, धितोपत्रको कारोबारको राफसाफ तथा फछर्यौट सेवा, मेरो शेयर, सि-आस्बा लगायतका सेवाहरू सञ्चालन गर्नका लागी सिंहदरवार स्थित राष्ट्रिय सूचना प्रविधि केन्द्रमा रहेको डाटा सेन्टरमा जडान गरिएको स्टोरेज सिस्टममा मिति २०७६/०४/२९ गते राती देखी प्राविधिक समस्या देखिन गएकोले डाटाको सुरक्षालाई ध्यानमा राखी तत्काल सो स्टोरेजलाई प्रतिस्थापन गरी नयाँ स्टोरेज जडान गर्नुपर्ने अवस्था श्रृजना भएकोले सो स्टोरेजको Migration सम्वन्धी कार्य गर्दा २०७६/०४/२९ गते हुनु पर्ने राफसाफ तथा फछर्यौट सम्वन्धी कार्य समयमा गर्न नसकिएकोमा सो दिनको राफसाफ तथा फछर्यौट मिति २०७६/०४/३० गते सम्पन्न गरिएको व्यहोरा जानकारी गराईन्छ। साथै सो राफसाफ तथा फछर्यौट सम्बन्धी कार्य सम्पन्न गरि प्रणालीमा End Of Day(EOD) गर्नु पर्ने, र सो का लागि कम्तीमा ६ घण्टा समय आवश्यक पर्ने हुँदा मिति २०७६/०४/३० गते हुनुपर्ने राफसाफ तथा फछर्यौट कार्य मिति २०७६/०४/३१ गते सञ्चालन गरिने व्यहोरा सम्वन्धित सम्पूर्णमा जानकारीका लागि यो सूचना जारी गरिएको छ। प्राविधिक समस्याका कारण आम लगानीकर्ता तथा अन्य सरोकारवालाहरू लाई हुन गएको असुविधा प्रति यस लि. क्षमा प्रार्थी छ।

मिति २०७६/०४/३०

शेयर मार्केट्स कमर्सियल कम्प्लेक्स, पुतलीसडक, काठमाडौं, नेपाल।
Share Markets Commercial Complex, Putalisadak, Kathmandu, Nepal.
Tel.: +977-1-4238008/4216068/4240150, Fax: +977-1-4240357
Email: info@cdscnp.com, Website: www.cdscnp.com